# भजनी नगरपालिका लेखा समिति पहिलो बैठकका

## निर्णयहरु

**निर्णय नं १:** प्रस्ताव नं १ माथि छलफल गर्दा यस नवगठित लेखा समितिका हामी पदाधिकारी (लेखा समिति संयोजक/सदस्य/सचिव)हरुको छनौट गरी कानून बमोजिम लेखा समितिको जिम्मेवारी दिएकोमा हालैको भजनी नगरपालिकाको १९ औ नगरसभा तथा नगरसभा सदस्य ज्यूहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दैछौ, साथै यस लेखा समितिलाई प्रदान गरेको जिम्मेवारीमा इमान्दार एवं कर्तव्यनिष्ठ भई नगरपालिकाको सर्वोत्तम हित प्राप्तिमा प्रतिवद्ध भएर कार्य गर्ने निर्णय सर्वसम्मतिमा पारित गर्दछौ।

**निर्णय नं २:** प्रस्ताव नं. २ माथि छलफल गर्दा यस भजनी नगरपालिका स्थापना देखि, अर्थात आ.व. २०७४/७५ देखि हालसम्मका प्रत्येक आ.व.का कार्यालय महालेखा परीक्षण प्रतिवेदनका उल्लेखित असूल उपर/अनियमित/पेश्की/प्रमाणपेश बेरुजु विवरणहरुमा सुरुदेखि नै क्रमश: रुपमा यस समितिमा छलफल, अन्तर्क्रिया, सम्बन्धित जिम्मेवार पक्षसंग जाचँबुझ, सोधपुछ, कागजात तथा पुष्टयाई संकलन गरि उल्लेखित व्यहोरा बमोजिम बेरुजु फर्छौट गर्न-गराउन नगरसभामा प्रतिवेदन पेश गर्ने तथा सो बमोजिमको बेरुजु सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालयमा सिफारिस गर्ने निर्णय पारित गरियो।

**निर्णय नं ३:** प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस कार्यालयको आ.व. २०७५/०७६ को महालेखा परीक्षण प्रतिवेदनको दफा नं ४६ बमोजिम पडरिया पिपलचोक हुलाकी सडक जोड्ने सडकको नाला निर्माण उपभोक्ता समितिसंग दुवै तर्फ गरि ७५० मिटर बढी नाला निर्माणको सम्झौता भएबमोजिम रकम रु ८४,६३,२५०।– भुक्तानी भएकोमा दोश्रो नापी किताबमा stone masonary 1:4 को ३६० घन मि. को प्राविधिक त्रुटिबस एक तर्फको नाला मात्रको नापी उठेकोले मलेप प्रतिवेदनमा रकम रु ३०,१२,०६१।६८ असूल हुनुपर्ने भनि औल्याइएको व्यहोरामा सो कार्य यथार्थमा दुवैतर्फ गरि करिब ८७० मिटर बढी लामो नाला तथा ८४० घन मि.को कार्यसम्पन्न हुनगएको हालैको प्राविधिक नापजाँच प्रतिवेदन तथा फिल्ड अनुगमनबाट स्पष्ट पुष्टि हुने भएकोले आ.व. २०७५/०७६ मलेप प्रतिवेदनको दफा नं ४६ बमोजिमको असूल बेरुजुलाई सम्परीक्षण गरिदिनहुन भनि आ.व. २०८१/०८२ को लेखापरीक्षण गर्न भनि कार्यालयमा हालैमा खटिइरहनु भएका महालेखा डोरलाई अनुरोध गर्ने निर्णय पारित गरियो।

दिनेश रावल
लेखा समिति सचिव

राजेन्द्र प्रसाद खनाल
लेखा समिति संयोजक

**निर्णय नं ४:** प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस कार्यालयको **वर्षिक मलेप/आलेप** प्रतिवेदनमा औल्याइने बेरुजुमा न्यूनिकरण, बेरुजुको कारक तत्व तथा समस्यामी छलफल एवं समग्र वित्तीय सुशासन कायम गर्ने प्रयोजनार्थ कार्यालयका शाखा प्रमुख, वडा सचिव तथा वडा अध्यक्षसंग छलफल एवं अन्तरक्रिया कार्यक्रम गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं ५:** प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत आकर्षित हुने सम्पूर्ण प्रकारको जिन्सी सम्पत्ति, सबै सार्वजनिक जग्गा जमिन, खुला क्षेत्र, सार्वजनिक क्षेत्र, वनजंगल क्षेत्र, तालतलैया क्षेत्र जस्ता प्राकृतिक सम्पत्ति समेतहरुको विवरण सम्बन्धित सरोकारवाला निकायबाट माग गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं ६:** प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र अन्तर्गतका सबै तालतलैयाको आयठेक्कासंग सम्बन्धी बेरुजु वा बक्यौता रकम असूल गर्न-गराउन यस नगरपालिका कार्यालय तथा सम्बन्धित जिम्मेवार पक्षसंग एकमुष्ट वा एक-एक गरि छलफल एवं अन्तर्क्रिया गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं ७:** प्रस्ताव नं. ७ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४, भजनी नगरपालिका आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०८२ एवं भजनी नगरपालिका लेखा समिति (गठन तथा सञ्चालन) नियमावली, २०८२ बमोजिम यस लेखा समितिको नियमित कार्यसञ्चालन प्रयोजनार्थ भजनी नगरपालिका लेखा समिति, लेखा समिति संयोजक तथा लेखा समिति सचिवको छाप बनाउने तथा भजनी नगरपालिका लेखा समितिको लेटरहेड संचालन गर्ने निर्णय पारित गरियो ।

लेखा समिति सचिव

राजेन्द्र प्रसाद ज्ञवाल
लेखा समिति संयोजक

CamScanner